annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १९०, पृष्ठ ८ | काठमाडौं, सोमबार १ मंसिर २०८२ | मार्ग कृष्णपक्ष त्रयोदशी, नेपाल संवत् ११४६ | MONDAY, NOVEMBER 17, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# क्रिकेट उत्सव

## आजबाट दोस्रो संस्करण

टेलिभिजनमा रात्रिकालीन खेल हेरेर रमाउने धेरै नेपाली दर्शकको सपना थियो– आफ्नै देशमा त्यसैगरी भव्य प्रतियोगिता हेर्ने । त्रिवि मैदानले आमनेपालीको त्यो सपना साकार मात्रै पारेको छैन, नेपाली क्रिकेटलाई पनि विश्वमा चर्चा दिलाउन सफल भएको छ । भव्य आयोजना, संसारका चर्चित र दिग्गज खेलाडीको आगमन, दर्शकको अपार माया र विश्व चर्चित टेलिभिजनमा प्रत्यक्ष प्रशारणले नेपाल प्रिमियर लिग नेपाली खेलकुदकै महत्वकांक्षी प्रतियोगिता बनेको छ ।

विष्णु थापा | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २



## उम्मेदवारी दर्ता माघ ६ गते



**राजकरण महतो** | *काठमाडौं*

निर्वाचन आयोगले फागुन २१ गते निर्धारित प्रतिनिधिसभा सदस्य निर्वाचनको कार्यतालिका सार्वजनिक गरेको छ। तालिका अनुसार माघ ६ गते उम्मेदवारी दर्ता गर्नुपर्ने छ। माघ ६ गते बिहान १० बजेदेखि साँझ ५ बजेसम्म उम्मेदवारको मनोनयनपत्र दर्ता हुने आयोगले जनाएको छ। ५ बजेदेखि ७ बजेसम्म उम्मेदवारको सूची प्रकाशन हुने आयोगको कार्यतालिका छ।

निर्वाचन प्रयोजनका लागि आयोगमा ४ वटा नयाँ दल दर्ता भएका छन्। यो सँगै आयोगमा दर्ता हुने राजनीतिक दलको संख्या १ सय २३ वटा पुगेको कानुन तथा राजनीतिक दल व्यवस्थान महाशाखाका सहसचिव यज्ञ भट्टराईले जानकारी दिए।

नयाँ दल दर्ता हुनेहरूमा श्रम संस्कृति पार्टी, गतिशील लोकतान्त्रिक पार्टी, नागरिक उन्मुक्ति पार्टी नेपाल र राष्ट्रिय परिवर्तन पार्टी रहेको छ। सहसचिव यज्ञ भट्टराईका अनुसार २९ वटा दल दर्ताको प्रक्रियामा छन्।

दर्ता प्रक्रियामा रहेका दलहरूसँग आवश्यक कागजपत्र माग्ने र सनाखत गर्ने प्रक्रिया अघि बढाइएको आयोगले जनाएको छ। तीमध्ये ९ वटा दलको प्रक्रिया अन्तिम चरणमा पुगेको छ। कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले दल दर्ताका लागि परेका निवेदनमा चाहिने कागजपत्र र आवश्यक प्रक्रिया पूरा गर्न बाँकी रहेकाले सबै दल आयोगमा दर्ता हुन नसकेको बताए। उनले भने, 'प्रक्रिया पूरा भएका दलको दल दर्ता गर्न ५ मिनेट पनि लाग्दैन।'

फागुन २१ गते हुने निर्वाचन प्रयोजनका लागि कात्तिक ३० गतेसम्म दल दर्ताको प्रमाणपत्र लिइसक्न आयोगले समय सीमा तोकेको थियो। असोज २० गते स्वीकृत भएको निर्वाचन कार्य तालिका अनुसार मंसिर १ गतेदेखि १० गतेसम्म प्रतिनिधिसभा सदस्य र मंसिर १ गतेदेखि ७ गतेसम्म राष्ट्रियसभा सदस्यको निर्वाचन प्रयोजनार्थ दल दर्ताको समय सीमा तोकिएको सहसचिव भट्टराईले जनाए ।

» बाँकी पृष्ठ ६

# सहमतिबाटै निकास खोज्दै देउवा

**राधा खनाल** | *काठमाडौं*

सिंगापुरमा उपचार गरेर स्वदेश फर्केका कांग्रेस सभापति शेरबहादुर देउवा महाधिवेशनका विषयमा पार्टीमा उत्पन्न विवादको हल खोजिरहेका छन्। उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवहाक सभापतिको जिम्मेवारी दिए पनि पार्टीमा महाधिवेशनको तिथि मितिबारे विवाद उत्पन्न भएपछि देउवा आफैं सहमतिको विन्दुको खोजीमा छन्।

चुनावअघि महाधिवेशन गर्ने कि पछि भन्ने विवादले कांग्रेस केन्द्रीय समिति बैठक एक महिनादेखि अनिर्णीत छ। महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मा पुसमा महाधिवेशन गर्नुपर्ने पक्षमा छन्। ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशनको माग गरिसकेकाले फागुनमा घोषित प्रतिनिधिसभा निर्वाचनसम्म कुर्न नहुने उनीहरूको तर्क छ। तर, संस्थापन पक्षका नेताहरू चुनावपछि मात्रै महाधिवेशन गर्नुपर्ने अडान लिइरहेका छन्।

यही अडानका कारण देउवा सिंगापुरमा रहेका बेला केन्द्रीय समितिमा कुनै निष्कर्ष निस्कन सकेन। त्यसैकारण कात्तिक २८ गते स्वदेश फर्केदेखि देउवा सहमतिको विन्दु खोज्न निरन्तर नेताहरूसँग छलफल गरिरहेका छन्। उनले जुनसुकै निर्णय पनि सहमतिमै हुनुपर्ने धारणा राखिरहेका छन्। निवर्तमान प्रतिनिधिसभा सांसदहरूले प्रतिनिधिसभा पुनर्स्थापनाका पक्षमा हस्ताक्षर चलाए पनि सभापति देउवा पार्टीका सबै पक्षका धारणालाई समेटेर निकास दिन 'वान टु वान' छलफलमा जुटेका छन्।



सरकारले फागुन २१ गते प्रतिनिधिसभा चुनाव तोकेको छ। त्यसअघि माघ ११ गते राष्ट्रियसभा चुनाव छ। यी दुई चुनावलाई मध्यनजर गर्दै त्यसको तयारी थाल्न पनि अहिले महाधिवेशन गर्न नसकिने पक्षमा सभापति देउवा पक्षीय केही पदाधिकारी र केही पूर्वपदाधिकारी छन्।

> नेपाल आए लगत्तै कार्यवाहक सभापति खड्कासँग पार्टीको अवस्थाका विषयमा विस्तृत समीक्षा लिएर अब के गर्ने ? भन्नेमा देउवा जुटिसकेको उनी निकट नेता बताउँछन् ।

सभापति देउवाले पछिल्ला दिनमा हरेक शीर्ष नेतालाई बोलाएर बेग्ला-बेग्लै भेट्न थालेका छन्। आएकै भोलिपल्ट शनिबार साँझ आफूनिकट केही पदाधिकारी र केही केन्द्रीय सदस्यलाई भेटेका थिए। नेताहरू प्रकाशशरण महत, एनपी साउद, बालकृष्ण खाँण र ज्ञानेन्द्रबहादुर कार्कीले सभापति देउवालाई भेटिसकेका छन्।

नेपाल आए लगत्तै कार्यवाहक सभापति खड्कासँग पार्टीको अवस्थाका विषयमा विस्तृत समीक्षा लिएर अब के गर्ने? भन्नेमा देउवा जुटिसकेको उनी निकट नेता बताउँछन्। नेताहरूसँग भेटका क्रममा सभापति देउवाले पार्टीलाई एकताबद्ध बनाएर लैजान सबै जना सहमतिमा आउनुपर्ने बताएका छन्।

महामन्त्री विश्वप्रकाश शर्माले सभापति देउवालाई भेटेर विधानसम्मत माग गरिएको विशेष महाधिवेशनलाई बेवास्ता गर्न नमिल्ने बताएका थिए। महाधिवेशन प्रतिनिधिले विधानको आधारमा हस्ताक्षर संकलन गरेर लिखित माग गरेको विषय विपरीत हुने गरी पार्टीले निर्णय गरे महामन्त्री पदबाट राजीनामा गर्नेसमेत महामन्त्री शर्माले सभापति देउवालाई बताएको कांग्रेसकै नेताहरू बताउँछन्। 'आवेगमा निर्णय गर्ने र त्यो निर्णय विधानअनुसार नहुने हो भने त्यसको साक्षी बनेर बस्दिनँ भनेको भनेर महामन्त्रीज्यूले भनिसक्नुभएको छ,' शर्मा निकट एक नेताले भने।

सभापति देउवासँग झन्डै डेढ घण्टा कुराकानी गरेका शर्माले विधानसम्मत मागलाई बेवास्ता गर्न नहुने विचार सभापति देउवासँग राखेका थिए। 'संसद् विघटन संविधानभन्दा बाहिरबाट गरिएको भनेर संविधानसम्मत नभएको कुरा कांग्रेसले भनिसकेको छ।

» बाँकी पृष्ठ ६

## बेलायतमा शरणार्थीले स्थायी बसोबास गर्न २० वर्ष कुर्नुपर्ने

**लन्डन** (एजेन्सी) : बेलायतमा शरणार्थीले स्थायी रूपमा बसोबास गर्न २० वर्ष कुर्नुपर्ने भएको छ। गृहसचिव शबाना महमुदले सोमबार घोषणा गर्ने भनिएको योजनाअन्तर्गत बेलायतमा शरण पाएका व्यक्तिहरूले स्थायी रूपमा बसोबासका लागि आवेदन दिन २० वर्ष कुर्नुपर्ने भएको छ। बेलायतमा अवैध आप्रवासनलाई सम्बोधन गर्नु नैतिक अभियान रहेको उनले बताइन्। योजनाअन्तर्गत शरण प्राप्त गरेका व्यक्तिहरूलाई अस्थायी रूपमा मात्र देशमा बस्न अनुमति दिइनेछ। उनीहरूको शरणार्थी स्थितिको नियमित रूपमा समीक्षा गरिनेछ र जसको गृह देश सुरक्षित मानिन्छ उनीहरूलाई फर्कन लगाइनेछ।

महमुदले बीबीसीको सन्डे विथ लौरा कुएन्सबर्ग कार्यक्रममा अवैध आप्रवासनले देशलाई टुक्राटुक्रा पारिरहेको महसुस गरेको बताइन्। छाया गृहसचिव क्रिस फिलिपले कन्जरभेटिभहरूले एक हप्ता भित्र अवैध आप्रवासीहरूलाई देश निकाला गर्ने बताए, जबकि लिबरल डेमोक्र्याट नेता सर एड डेभीले शरणार्थीहरूलाई काम गर्ने अधिकारको लागि आह्वान गरे।

# वन कार्बन बिक्रीबापत नेपाललाई १ अर्ब ३३ करोड

**ममता थापा** | *काठमाडौं*

नेपालले वन क्षेत्रको कार्बन उत्सर्जन न्यूनीकरण गरेबापत पहिलो चरणको भुक्तानी स्वरूप १ अर्ब ३३ करोड रकम प्राप्त गरेको छ। जुन अमेरिकी डलरमा करिब ९.४ मिलियन डलर हो। नेपालले कुल १८ लाख ८२ हजार टन कार्बन उत्सर्जन कटौती गरेबापत पहिलो चरणमा उक्त रकम प्राप्त गर्न सफल भएको हो। यो रकम विश्व बैंकको फरेस्ट कार्बन पार्टनरसिप फ्यासिलिटीबाट नेपाल सरकारको वन विकास कोषको खातामा शुक्रबार प्राप्त भएको थियो। तथापी विश्व बैंकले यस भुक्तानीबारे भने आइतबार सार्वजनिक गरेको छ।

नेपालले प्राप्त गरेको यो रकम सन् २०१८ देखि २०२१ सम्मको कार्बन बिक्रीको हो। नेपालले लामो समयको अध्ययन र अभ्यासपछि यस्तो क्षमता बनाएको थियो। पहिलो चरणमा तराईका १३ वटा जिल्लाको कार्बन बिक्रीबापत उक्त रकम प्राप्त गरेको हो। जसमा नेपालले कुल १८ लाख ८२ हजार टन कार्बन उत्सर्जन कटौती गरेको थियो। जुन बिक्री भएको कार्बनको मात्रा हो।

यो भुक्तानी उत्सर्जन कटौती भुक्तानी सम्झौता (ईआरपीए) अन्तर्गत नेपालले पाएको पहिलो किस्ता हो। जसले वन विनाश रोकथाम, वन क्षरण नियन्त्रण र दिगो वन व्यवस्थापनमा नेपालको



उपलब्धिलाई महत्वपूर्ण माइलस्टोनका रूपमा स्थापित गरेको छ। तराई आर्क ल्यान्डस्केपमा आधारित रेड कार्यान्वयन केन्द्रको कार्यक्रम समुदाय-केन्द्रित दिगो वन व्यवस्थापनको सफल मोडेलका रूपमा अघि बढिरहेको छ। जैविक विविधता र मानव बसोबास दुवै दृष्टिले संवेदनशील यस क्षेत्रमा स्थानीय समुदाय, आदिवासी जनजाति र नागरिक समाजलाई समेटेर वन संरक्षण, पुनर्स्थापना र जीविकोपार्जन सुधारमा कार्यक्रम केन्द्रित छ।

विश्व बैंकका माल्दिभ्स, नेपाल र श्रीलंकाका डिभिजन निर्देशक डेभिड सिसलेनले नेपालले वन विनाश रोक्न, वन सुशासनलाई सुदृढ बनाउन, जैविक विविधता संरक्षणमा काम गर्न र स्थानीय समुदायका दिगो जीविकोपार्जन गर्न अवसर प्रदान गरेको बताए। उनले भने, 'यसले नेपालले वन विनाश रोक्न, वन सुशासनलाई सुदृढ बनाउन, जैविक विविधता संरक्षणमा काम गर्न र स्थानीय समुदायका दिगो जीविकोपार्जन अवसर विस्तार गर्न महत्वपूर्ण प्रगति गरेको प्रमाणित गर्छ।'

### फरेस्ट कार्बन पार्टनरसिप फ्यासिलिटीबारे

फरेस्ट कार्बन पार्टनरसिप फ्यासिलिटी विश्वस्तरको साझेदारी कार्यक्रम हो। जसले सहभागी मुलुकहरूलाई वन विनाश तथा क्षरणबाट हुने उत्सर्जन घटाउन सहयोग गर्छ। २०२५ नोभेम्बरसम्म यस कार्यक्रममार्फत १३१ मिलियन टन सिओटु बराबर उत्सर्जन कटौती नतिजा प्राप्त भएको छ। त्यसमध्ये ६३.७ मिलियन क्रेडिट जारी भइसकेको र ४६.५ मिलियन क्रेडिटको भुक्तानी भइसकेको एफसीपीएफले जनाएको छ। करिब २३२ मिलियन अमेरिकी डलभन्दा बढी परिणाम-आधारित भुक्तानी वितरण भइसकेको छ। जसले पारदर्शिता, समावेशिता र दिगोपनामा केन्द्रित कार्यक्रमको सफलताकै संकेत गर्दछ।

### वन कार्बन बिक्रीको रकम कोषमार्फत यसरी खर्च गरिँदै

रेड कार्यान्वयन केन्द्रका सहसचिव नवराज पुडासैनी प्राप्त भएको रकम वन विकास कोषको खातामा आएको जनाउँछन्। प्राप्त रकम नेपाल सरकारले तयार पारेको लाभ-वितरण योजनाअनुसार खर्च गर्नुपर्ने विश्व बैंकले बताएको छ। 'यो योजना स्थानीय समुदाय र सरोकारवालासँगको सहभागितामूलक परामर्श प्रक्रियामार्फत बनेको हो, जसले वनमा निर्भर समुदाय तथा आदिवासी जनजातिले आफ्नो प्रत्यक्ष योगदानअनुसार लाभ पाउने सुनिश्चित गर्दछ। लगानीले वन पुनर्स्थापना, सामुदायिक उद्यम दिगो विकास र जलवायु-अनुकूल जीविकोपार्जन प्रबर्द्धनमा सहयोग गर्नेछ,' विश्व बैंकको भनाइ छ।

यसैक्रममा वन तथा वातावरण मन्त्रालयका सचिव डा. राजेन्द्रप्रसाद मिश्र यो परिणाम-आधारित भुक्तानी वनमा निर्भर समुदाय, आदिवासी जनजाति र सरकारको संयुक्त प्रयासको प्रतीक भएको औंल्याउँछन्। 'नेपाल समावेशी र समुदाय-नेतृत्वमा वन व्यवस्थापनमार्फत जलवायु कारबाहीलाई निरन्तर अघि बढाउन प्रतिबद्ध छ,' उनले भने।

प्राप्त रकम खर्च गर्ने कार्यक्रम कार्यान्वयन विधि छ। यो रकम खर्च गर्नका लागि कार्यक्रम कार्यान्वयनको योजना बनाइनेछ। समुदायहरूले आफ्नो कार्यक्रम आफैं बनाउँछन्। डिभिजन वन कार्यालयहरू र मध्यवर्तीका सामुदायिक वन समूहहरूले आफ्नो योजना बनाउँछन्।

» बाँकी पृष्ठ ६